"युवा स्वयंसेवकका लागि  तालिम तथा सामग्री खरिद" कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९

स्वीकृत मिति २०७९।।०३।१२

प्रस्तावनाः  युवाहरु देशमा आइपरेको विपद्को व्यवस्थापन, विविध प्रकारका स्वयंसेवा, सामाजिक कार्यका लागि  परिचालन गर्न सकियोस् भन्ने उद्धेश्यका साथ आ.ब. २०७८/०७९ को स्वीकृत वार्षिक बजेट कम्पोनेन्ट  नं. २.७.२५.२८५ र क.नं. २.७.८.४८ खर्च शीर्षक २२५२२ कार्यान्वयनका लागि  उक्त कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाउने र यो कार्यक्रमलाई  युवाहरुको  माझमा प्रभावकारी रुपमा संचालन गर्नको लागि युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)  यो कार्यविधिको नाम "युवा स्वयं सेवकका लागि तालिम" " कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u>  विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "कार्यक्रम" भन्नाले  प्रदेश युवा परिषद्को कार्यालयले युवाहरुको समुहमा संचालन गर्ने स्वयं सेवक तालिम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) "कार्यकारी समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ ।

घ) “मन्त्रालय” भन्नाले  बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय हेटौडा मकवानपुर सम्झनु पर्दछ ।

३. <u>उद्देश्यः</u>

क)  विपत व्यवस्थापन, विविध प्रकारका स्वयंसेवा, सामाजिक कार्यका लागि युवाको सहभागिता हुने ।

ख) युवाहरुमा सहकार्य र सहयोगको भावना विकास हुने ।

ग) राष्ट्र, राष्ट्रियता र समाजप्रति उत्तरदायी हुने ।

५. <u>लक्षित युवाहरुः</u>

(१) यस बागमती प्रदेश भित्रका युवाहरु ।

( २) स्वयंसेवी भावना भएका ।

६. <u>कार्यालयले गर्ने कार्यहरुः</u>

क) कार्यालयले जिल्ला जिल्लामा २० जनाको विपद् व्यवस्थापनका लागि स्वयंसेवक निर्माण गर्ने ।

ख) निर्माण गरिएको समुहको समितिमा रहेका २० जना सदस्यहरुलाई ट्रयाकसुट लगायतका बजेटको परिधिमा रही समाग्री खरिद गरेर दिने ।

७. समुह निर्माण गर्ने संस्था वा ब्यक्तिले गर्नुपर्ने कार्यः

क) जिल्ला युवा समितिको सक्रियतामा कार्यविधि अनुसारका सहभागीहरुको भेला गरी समुह बनाउने ।

ख) प्रशिक्षकहरुले तोकिएका सदस्यहरु माझमा तालिम कार्यक्रम संचालन गर्ने ।

ग) तालिम प्राप्त सदस्यहरुलाई ट्र्याकसुट लगायतका सामग्री वितरण गर्ने ।

८. प्रदेश युवा स्वयंसेवक समिति बनाउन जिल्ला युवा स्वयंसेवक समितिमा रहने पदाधिकारीहरुः

(१) जिल्ला युवा समितिको अध्यक्षको संयोजकत्वमा निम्नानुसारका सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| १. स्काउटका प्रतिनिधि युवाहरु जम्मा | ५ जना | ( २ जना महिला सहित) |
| २. नेपाल रेडक्रसका प्रतिनिधि युवाहरु | ५ जना | ( २ जना महिला सहित) |
| ३. पत्रकारहरुवाट | २ जना | ( १ महिला सहित) |
| ४. जिल्लाका सक्रिय राजनैतिक दलका युवा, सामाजिक संघ सस्था लगायत विविध क्षेत्रका युवाहरु मध्ये | ७ जना | ( ३ महिला सहित) |

जम्मा २० जना युवाहरु

९. <u>सूचना प्रकाशनः</u> (१) युवा स्वयंसेवक समिति बनाउनको लागि जिल्ला युवा समितिलाई कार्यालयले पत्र दिइ सुचित गर्नेछ ।

१०<u>. सम्झौताः</u> (१)जिल्ला युवा समितिवाट नै यस कार्यक्रमको तालिम र सामग्री वितरणको व्यवस्थापन हुनेछ

(२) तालिम पश्चात जिल्ला युवा समितिले वन्दोवस्तीका सामान ट्र्याकसुट लगायतका विविध सामग्रीहरुको वितरण गर्नेछ ।

(३) प्रदेश युवा परिषद् / जिल्ला युवा समितिले समितिका सदस्यलाई आवश्यकताका आधारमा स्वयंसेवीको रुपमा खट्न आव्हान गरिनेछ ।

(४.) परिषद् वा जिल्ला युवा समितिसँग विपद् व्यवस्थापनका लागि वा स्वयंसेवाका लागि यसै क्षेत्रमा कार्य गरिरहेका संस्था नेपाल रेडक्रस सोसाइटी वा नेपाल स्काउटले सहकार्यमा कार्य गर्न सक्नेछन् । जसको लागि कार्यालयले सोझै वार्ताद्वारा यी संस्थाका पदाधिकारीसँग सम्झौता गर्न सक्नेछ ।

(५). यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कम्पोनेन्ट नं.२.७.२५.२८५ मा युवा स्वयंसेवकका लागि सामग्री वितरणमा २६० जनाको लागि छुट्टीएको बजेटले वर्तमान महंगीमा कुनै ब्राण्डेड सामग्री किन्न रकम अपुग हुने भएमा यसैसंग मिल्दो खर्च शिर्षक २२५२२ को क.नं. २.७.८.४८ वाट लक्षित सहभागी लाई तालिम प्रदान गरि बाँकी रकमले युवा स्वयं सेवक तालिमका लागि सामग्री किन्न सम्झौता गर्न सक्नेछ ।

११. प्रतिवेदनः (१) तालिम प्रदायक संस्थाले कार्यक्रम सम्पन्न भए पश्चात विल भरपाइका अतिरिक्त कार्य सम्पन्न फोटोहरु र प्रतिवेदन असार १८ गते भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

१२. लेखा परीक्षणः (१) यस कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

१३. अनुगमन तथा मूल्याङ्कनः (१) स्थानीय तहमा सम्बन्धित अभिभावक, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख सरोकारवालाले चुस्तदुरुस्त राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ । कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय तथा सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

१४. दण्ड सजायः (१) छनौट भएको समुहले आफ्नो कार्य स्वयसेवा भाव अनसार नगरेकोमा त्यस्ता समुहलाई कार्यालयबाट सञ्चालन गरिने अन्य कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

२) तालिम प्राप्त भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी हिनामिना गरेमा उक्त समुह वा संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१५. विविधः यस कार्यविधि बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

१६. निर्देशनको पालनाः सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१७. कार्यविधि संसोधन गर्न सक्नेः आवश्यकता अनुसार मन्त्रालयले कार्यविधि संसोधन गर्न सक्नेछ

१८. वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।